नेपाल विकास अनुसन्धान प्रतिष्ठान
Nepal Development Research Institute
NDRI

Nepal Cancer Relief Society
NCRS नेपाल अर्बुद रोग निवारण संस्था




फाल्गुन १, २०८०

# प्रेस विज्ञप्ति

प्रत्येक बर्ष नेपालमा सुर्तीजन्य पदार्थको सेवनले ३७,५२९ अर्थात् प्रति घण्टा ४ जना भन्दा धेरै मानिसहरुले ज्यान गुमाईरहेका छन्। जुन संख्याले नेपालको जम्मा मृत्युको १९.४१ प्रतिशत ओगट्छ। सुर्तीजन्य पदार्थको सेवनले विभिन्न नसर्ने किसिमका रोगहरु जस्तै क्यान्सर, श्वासप्रश्वास सम्वन्धि रोगहरु लगायत विभिन्न मुटु सम्बन्धि रोगहरु लाग्ने तथ्य अवगत नै छ।

नेपाल सरकारले सुर्तीजन्य पदार्थको सेवन न्यूनीकरण नियन्त्रण तथा नियमनका लागि सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८, नियमावली २०६८ तथा निर्देशिका २०७१ समेत कार्यान्वनमा ल्याइसकेको छ । नीतिगत रुपमा बलियो हुँदा हुँदै पनि यसको कार्यान्वयन पक्ष अत्यन्तै फितलो देखिन्छ।

यसै सन्दर्भमा, जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने सुर्तीजन्य पदार्थ उत्पादक कम्पनीको मुख्य प्रायोजनमा फाल्गुन ३ देखि ७ गते सम्म हुन् गइरहेको “नेपाल लिटरेचर फेस्टिवल २०२४” प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। जहाँ सुर्तीजन्य पदार्थको उत्पादक कम्पनि सुर्य नेपालको लोगोसहित प्रचार प्रसार गरिएको छ जुन कानुनविपरित छ । त्यसैले यस कार्यक्रमका आयोजक संस्था **वुकवर्म फाउन्डेसनलाइ** कानुन विपरित कार्य नगर्न हुन् ध्यानाकर्षण गराउँदछौ। साथै सहभागीहरुलाइ पनि कानुन तर्फ ध्यानाकर्षण गर्दै कानुन विपरित सहभागी नहुन अपिल गर्दछौं।

**प्रायोजनमा निषेध सम्वन्धमा**

सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन **२०६८ को दफा १० मा विज्ञापन तथा प्रायोजन** गर्न नपाइने सम्बन्धी व्यवस्था छ। जहाँ भनिएको छ, ‘उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफएम, इन्टरनेट, ईमेल जस्ता विद्युतीय सञ्चार माध्यम,अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै

पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन।'

यसैगरी **सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका २०७१ को दफा २२ मा संस्थागत सामाजिक उत्तरदायित्वको नाममा काम गर्न नपाउने कुरा स्पष्ट उल्लेख छ।** जसको उपदफा १ र २ मा भनिएको छ, 'सरकारी वा गैहसरकारी वा नीजि क्षेत्रबाट संचालित शिक्षण संस्था, मदरसा, नाट्यशाला, धार्मिक प्रवचन, सत्सँग, स्वास्थ्य संस्था आदिलाई आर्थिक, प्राबिधिक, भौतिक, संरचनागत तथा अन्य कुनै पनि प्रकारको सहयोग उत्पादक लगायतले प्रदान गर्न पाउनेछैन। कसैले पनि उत्पादक लगायतले प्रदान गर्ने आर्थिक, भौतिक र संरचनागत सहयोग ग्रहण गर्न पाउनेछैन र उत्पादक लगायतले पनि यस्तो सहयोग गर्न पाउने छैन।

सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१ को दफा ४० मा उत्पादकलगायत कसैले पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा यसको लोगो, संकेत, चिन्ह, कुनैपनि तरिकाबाट सुर्तीजन्य पदार्थको प्रबर्द्धन गर्न वा कुनै कार्यक्रम प्रायोजन तथा विज्ञापन गर्न नपाउने उल्लेख छ।

**सार्वजनिक ब्यक्तित्वहरुको सहभागिता गैरकानुनी**

सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका २०७१ को **परिच्छेद ३ दफा २२ को उपदफा ६** मा भनिएको छ, 'सार्वजनिक निकायका पदाधिकारीहरुलाई सुर्ती उद्योगबाट प्रदान गरिने कुनैपनि प्रकारका सहयोग र पुरस्कार प्राप्त गर्न, सुर्ती उद्योगबाट प्रायोजित कार्यक्रममा सहभागिता, सुर्ती उद्योगको सहयोगमा वा सुर्ती उद्योगको आमन्त्रणमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय बैठक, भ्रमण, तालीम, गोष्ठी, सम्मेलन जस्ता कार्यक्रमहरुमा सहभागीता स्वीकार गर्नु हुदैन।' यसै गरि **दफा २४** मा सार्वजनिक सार्वजनिक निकायका पदाधिकारीहरुले सूर्ति उद्योगको कुनै पनि क्रियाकलापमा सहभागिता जनाउनु नहुने कुरा स्पष्ट उल्लेख छ। तर आयोजकले फेस्टिभलमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय लेखक, कलाकार, अभियन्ता, पत्रकार, बुद्धिजीवी, अर्थशास्त्री, सेलिब्रेटी र राजनीतिक व्यक्तित्वहरूलाई सहभागी गराउने भनि प्रचार गरिएको छ। कानुन कार्यन्वयनमा प्रत्यक्ष सरोकार राख्ने व्यक्तित्वहरुले नै कानुनको कार्यन्वयन नगरी धज्जी उडाउनु विडम्बना हो।

त्यसैले यी सबै कानुनी प्रावधानहरु विपरित कार्य नगर्नुहुन सरकार, आयोजक, प्रायोजक, सार्वजनिक पद धारण गरेका व्यक्तित्वहरु, लेखक, पत्रकार, कानुन निर्माता र सरोकारवाला निकायहरुको गम्भीर ध्यानाकर्षण गराउन चाहान्छौं।

डा. जय कुमार गुरुङ
कार्यक्रम संयोजक
नेपाल विकास अनुसन्धान प्रतिष्ठान

दिपेन्द्र बान्तवा
महासचिव
नेपाल अर्बुद रोग निवारण संस्था